मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
बागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

## मन्थली नगरपालिकाको तोकिएका लक्षित वर्गहरुलाई स्वास्थ्य विमा कार्यक्रमको ५०% प्रतिशत अनुदान रकम लिन आवेदन फारम भर्ने सम्बन्धी १५ दिने सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/०७)

यस मन्थली नगरपालिकामा स्थायी बसोवास गर्ने नागरिकहरु मध्ये दलित महिला, एकल महिला र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित समूहमा समावेश गरी निजहरुले स्वास्थ्य विमा गर्दा तिरेको दस्तुरको ५०% यस नगरपालिकाद्वारा अनुदान दिने व्यवस्था गरिएको हुँदा आ.व ०७८/०७९ मा स्वास्थ्य विमा / नविकरण गरेका उल्लेखित लक्षित समूहले यस न.पा. को स्वास्थ्य शाखाबाट आवेदन फारम लिई तोकिएको ढाँचामा २०७८ पौष २१ गते सम्म फारम भर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरुः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. तोकिए बमोजिमको लक्षित समूहको प्रमाणपत्र / परिचयपत्र खुल्ने
३. एकल महिलाको हकमा सामाजिक सुरक्षा भत्ता वितरणको परिचयपत्रको प्रतिलिपि
४. स्वास्थ्य विमाको परिचयपत्रको प्रतिलिपि
५. स्वास्थ्य विमाको लागि दस्तुर तिरेको विलको प्रतिलिपि
६. नाता प्रमाणित गर्नुपर्ने भए सो समेतको प्रतिलिपि

**मन्थली नगरपालिका**
**रामेछाप**